सरावल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या २०७९/०८०
चलानी नं.

**प्रथम पटक प्रकाशित मिति २०७९/१२/२९**

## वातावरणीय स्वःअनुगमन बारे अत्यन्तै जरुरी सूचना ।

सरावल गाउँपालिकाको प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७ को दफा १२ (२) बमोजिम वातावरणीय अध्ययन गरी संचालनमा आएका प्रस्तावले प्रत्येक ६ महिनामा स्वःअनुगमन गरी तयार गरेको प्रतिवेदन गाउपालिकामा पेश गर्नु पर्ने प्रावधान रहेकोमा सरावल गाउँपालिका क्षेत्र भित्र स्थापना भै संचालनमा रहेका उद्योग तथा अन्य आयोजनाले अर्धबार्षिक स्वःअनुगमन प्रतिवेदन पेश नगरेको पाइएकोले यस पालिकाको गम्भीर ध्यानाकर्षण भएको हुँदा पहिलो स्वःअनुगमन प्रतिवेदन २०८० बैशाख ३० गते भित्र र दोश्रो स्वः अनुगमन प्रतिवेदन कार्तिक ३० गते भित्र सम्पूर्ण सम्बन्धित आयोजना/उद्योगले यस गाउँपालिकामा पेश गर्नु हुन यो सूचना जारी गरिएको छ, स्वःअनुगमन प्रतिवेदन पेश नगर्ने प्रस्तावको हकमा सोहि बमोजिम कारवाही हुने समेत जानकारी गराइन्छ स्वः अनुगमन प्रतिवेदनको ढांचा सरावल गाउँपालिकाको वेबसाइटमा उपलब्ध गराइएको छ ।

दुर्गा पौडेल
प्रमुख प्रशासकिय अधिकृत